आज मिति २०७३ साल कार्तिक २९ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे, र.न.पा. कार्यालय द

**अन्य उपस्थिति :**

२. आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय द

३. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय द

४ सामाजिक विकास शाखा प्रमुख श्री तेजेन्द्रनाथ लामिछाने द

५. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय द

६ आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय द

७. खरिद तथा जिन्सी व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय द

८ राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय द

९. सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय द

१०. ने.न.क.ए. इकाई समिति रत्ननगरका प्रतिनिधी- उपाध्यक्ष श्री शंकर गिरी द

**निर्णय:**

**निर्णय नं. १:** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ को दफा २० को उपदफा (५) वमोजिम आ. व. २०७४।०७५ को लागि तपसिल वमोजिम पूर्वानुमान प्रारम्भिक वजेट खाका प्रस्तुत गर्ने निर्णय गरियो ।

तपसिल:

| आन्तरिक श्रोततर्फ | रकम (रु.) | बाह्य श्रोत | रकम (रु.) |
|---|---|---|---|
| एकीकृत सम्पत्तिकर | १,५०,००,०००।- | सामाजिक सुरक्षा कार्यक्रम | १०,००,००,०००।- |
| नक्सापास | ९०,००,०००।- | नगरपालिका अनुदान | ७,७०,००,०००।- |
| अचल सम्पत्ति मुल्यांकन | २८,००,०००।- | वातावरणमैत्री कार्यक्रम | १,६०,००,०००।- |
| व्यवसाय कर | ३,००,०००।- | रजिष्ट्रेसन शुल्क | ९०,००,०००। |
| सिफारिस तथा बक्सौनी | २०,००,०००।- | लागत सहभागिता | १,००,००,०००।- |
| एक्साभेटर भाडा | १०,००,०००।- | एलजिसिडिपि कार्यक्रम | ८५,००,०००।- |
| अन्य शिर्षकका आम्दानी | ६७,४०,०००।- | जगेडाकोष | २,१५,००,०००।- |
| | | सडक बोर्ड | ८०,००,०००।- |
| | | अन्य | १,००,००,०००।- |
| **जम्मा रु.** | **३,७०,००,०००।-** | **जम्मा रु.** | **२६,००,००,०००।-** |

| | |
|---|---|
| **खर्च** | |
| प्रशासनिक खर्च | ३,००,००,०००।- |
| **पूजिँगत खर्च** | |
| सामाजिक सुरक्षा | १०,००,००,०००।- |
| जगेडाकोष | ३,००,००,०००।- |
| सडक बोर्ड | १,००,००,०००।- |
| स्थानीय शान्ति समिति | ४५,०००।- |
| वातावरणमैत्री कार्यक्रम | १,६०,००,०००।- |
| नगरपालिका अनुदान | ५,६५,२५,०००।- |

| लक्षित वर्ग कार्यक्रम | |
|---|---|
| निःशर्त पूजिँगत अनुदान (५,८५०,०००।-) को १०% (बालबालिका) | ५८,५०,०००।- |
| निःशर्त पूजिँगत अनुदान (५,८५०,०००।-) को १०% (महिला) | ५८,५०,०००।- |
| निःशर्त पूजिँगत अनुदान (५,८५०,०००।-) को १०% (जनजाति) | ८५,७५,०००।- |
| एलजिसिडिपि कार्यक्रम | ८५,००,०००।- |
| अन्य कार्यक्रम | २५४,५५,०००।- |
| **जम्मा खर्च रु.** | **२९,७०,००,०००।-** |

**निर्णय नं. २:** यस नगरपालिका कार्यालय अन्तर्गतका (वडा कार्यालयहरु समेत) कम्प्यूटर लगायत अन्य ईलेक्ट्रोनिक सामान साथै नेट, ईन्टरनेट लगायतका सामाग्रीहरु मर्मत तथा सम्भार कार्यका लागि मिति २०७३।०८।०१ देखि लागु हुने गरी, रत्ननगर न. पा. वडा नं १, सौराहाचोक बस्ने श्री नविन नारायण प्रधानलाई मासिक रु. ५,०००।- (पाँच हजार मात्र) का दरले वार्षिक रु. ६०,०००।- (साठी हजार मात्र) मा सेवा लिने/दिने गरी सेवा करार सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं ३:** यस रत्ननगर न. पा. वडा नं. १४, १५ र १६ नं. वडाका मुल ग्रावेल सडक खाल्डाखुल्टी भै आवागमनमा असहज भएकाले सो सडक मर्मत गर्ने प्रयोजनका लागि विविध आकस्मिक योजना शिर्षकबाट व्यय हुने गरी रु. १,५०,०००।- (एक लाख पचास हजार मात्र) विनियोजित गरी मर्मत कार्य स्थानिय उपभोक्तासंगको लागत सहभागितामा अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४:** यस रत्ननगर न. पा. को वडा नं. ७ को शिशै-बेलटाँडी सडक किनारामा रहेको ग्याविन जालिमा रहेको ढुंगासंगैको जग्गा धनीले जग्गा पुरी माटो मुनी गड्ने अवस्था आएकाले सो ढुंगालाई स्थानीय सिद्धेश्वर महादेव मन्दिर कम्पाउण्ड गर्ने गरी स्थानीय द्धिश्वर मन्दिर व्यवस्थापन समितिलाई जिम्मा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ५:**

यस न. पा. कार्यालयको सुझाव पेटिका खोली प्राप्त सुझाव सम्बन्धमा गुनासो सुन्ने अधिकारी मार्फत प्राप्त प्रतिवेदन उपर छलफल गरी सोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ (आठौं संसोधन) को दफा २२५ ख १ र २ वमोजिम अवधि पुगेका यस न. पा. मा कार्यरत कर्मचारीहरुलाई नियमानुसार बढुवा प्रकृया अगाडि बढाई सिफारिस गराउन न. पा. को पदपूर्ति समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।